बान्नीगढी जयगढ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**पत्र संख्या: २०७८/०७९** **मिति: २०७८/१०/१२**

**चलानी नं.:**

## कार्यालयको सेवा प्रवाह बन्द गरिएको सम्बन्धी सूचना ।

प्रस्तुत विषयका सम्बन्धमा गतवर्ष समस्त मानव जगतलाई नै आक्रान्त पारी केही समय मानव समुदायले राहतको महसुस गरिरहेको सन्दर्भमा फेरी नयाँ स्वरुपबाट देखा परेको कोरोना भाईरस (कोभिड-१९) को तेस्रो चरणको ओमिक्रोन भाईरस विगतको भन्दा झन बढी संक्रामक किसिमले फैलिरहेको कुरा सर्व विदितै छ ।

यस गाउँपालिकामा कार्यरत रहेका कर्मचारीहरुको कोरोना संक्रमण परीक्षणको क्रममा केही कर्मचारीहरुमा संक्रमण पुष्टि भएको तथा यस गाउँपालिका बासीहरुमा कोरोनासंग मिल्दाजुल्दा लक्षणहरु तीव्र रुपमा फैलिरहेको हुदाँ कोरोना संक्रमणको जोखिमलाई न्युनिकरण गर्ने उद्देश्यले यस गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट प्रदान गरिने अति आवश्यक सेवा वाहेकका अन्य सम्पूर्ण सेवाहरु मिति २०७८ माघ १३ गतेबाट लागुहुने गरी मिति २०७८ माघ १७ गतेसम्म बन्द गरिएको सम्बन्धित सबैका लागि सूचना प्रकाशित गरिएको छ । साथै यस सङ्क्रमणबाट बच्नका लागि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्णरुपमा पालना गर्नु/गराउन हुन अनुरोध गर्दछौं । यस कार्यालयमा प्रवेश गर्दा / सेवा लिन आउँदा अनिवार्य रुपमा कोरोना विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) राख्न हुन र **कोभिड (ओमिक्रोन भाईरस) संग मिल्दाजुल्दा लक्षण देखिएमा वा स्वास्थ्यमा कुनै समस्या देखिएमा यस गाउँपालिकाको स्वास्थ्य शाखालाई जानकारी गराउन हुन अनुरोध गर्दछौं** । यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति गाउँपालिका परिवार क्षमाप्रार्थि छ ।

कर्ण बहादुर ठकुल्ला

का.वा.अध्यक्ष

__*बोधार्थ:-*__

*श्री सूचना प्रविधि शाखा, यस पत्रलाई web site मा अपलोड गरि दिनहुन ।*

*श्री जयगढ प्रहरी चौकी, जयगढ अछाम आवश्यक सहजीकरण गरि दिनहुन ।*

Email: info@bannigadhijaygadhmun.gov.np Website: www.bannigadhijaygadhmun.gov.np